**बैठक निर्णयका सम्बन्धमा असहमतिको टिप्पणी**

**कार्यपालिकाको बैठक नं. र मिति: २०८३।०३।३०**

**निर्णयको विषय:**

**निर्णयको विषयमा रहेको असहमति:**

**<u>असहमति व्यक्त गर्ने पदाधिकारीको विवरण:</u>**

**दस्तखत:**

**नाम:**

**पद:**

उपरोक्त बैठकमा कुनै पनि सदस्यहरुबाट असहमतिको टिप्पणी पेश नभएको प्रमाणित गरिएको छ।

083/03/30

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटीखेल, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

## मिति २०८३।०३।३० मा बसेको ७६ औँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरू:

**पूर्व बैठकको समीक्षा**

मिति २०८३।०३।२२ मा बसेको ७५ औँ कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं.१:-**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाका करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद आ.व. २०८२।०८३ को आषाढ मसान्तमा सामाप्त हुन गइरहेको हुनाले यस गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको आ.व. २०८३।०८४ को २०८३ साल पौष मसान्तसम्मको लागि करार म्याद थप गरी नविकरण गर्ने निर्णय सर्वसहमतले गरियो।

**निर्णय नं.२:-**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२।०८३ बाट तपसिल बमोजिमका योजनाहरुको कुल रकम रु. २३ लाख ९१ हजार ८० रुपैयाँ १४ पैसा आगामी आ.व. २०८३।०८४ मा दायित्व सिर्जना भएको हुँदा सो बापतको रकम र योजनाहरुलाई आ.व. २०८३।०८४ को लागि दायित्व सिर्जना गर्ने निर्णय सर्वसहमतले गरियो।

**तपसिल**

**भुक्तानी दिन बाँकीको बिवरण**

| दायित्व सृजना भएको मिति | संकेत नं | खर्च शीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| २०८३।०३।२५ | | ३११५९ | वडा नं. १ को वडा कार्यालय भवन मर्मत | वडा कार्यालय भवन मर्मत जिल्ला समन्वय समितिको, ललितपुरको साझेदारीमा | १ नं. वडा कार्यालय भवन मर्मत महाङ्काल १ उपभोक्ता समिति | १७८६००० | आन्तरिक स्रोतमा रहेको शीर्षकमा रकम पर्याप्त नभएको |
| २०८३।०३।२५ | | ३११५९ | सरस्वती आ.वि. वाल निर्माण | सरस्वती आ.वि. वाल निर्माण जिल्ला समन्वय समितिको, ललितपुरको साझेदारीमा | सरस्वती आ.वि. | ४४३४६० | आन्तरिक स्रोतमा रहेको शीर्षकमा रकम पर्याप्त नभएको |
| २०८३।०३।२५ | | ३११५९ | श्री ५ महेन्द्र मा.वि. घेरावार तथा वाल निर्माण | श्री ५ महेन्द्र मा.वि. घेरावार तथा वाल निर्माण जिल्ला समन्वय समितिको, ललितपुरको साझेदारीमा | श्री ५ महेन्द्र मा.वि. | १६१६२०.१४ | रकम अपुग |
| जम्मा | | | | | | २३९१०८०.१४ | |

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नगेश घर्ती [illegible]
अध्यक्ष

**मिति २०८३।०३।३० मा बसेको ७६ औँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरू:**

**निर्णय नं.३:-**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३ ।०३।२२, च.नं. १३९ को पत्रानुसार यस गाउँपालिकाको कार्य क्षेत्र भित्र भूमि सम्बन्धी सेवा सञ्चालनको लागि यस गाउँपालिकाको न्युन आयस्रोत एवम् तयारीको (पूर्वाधार र जनशक्ति) अवस्था समेत पर्याप्त नभएकोले भूमि सम्बन्धी सेवा हाललाई सञ्चालन नगर्ने निर्णय सर्वसहमतले गरियो।

**निर्णय नं.४:- विविध सम्बन्धमा छलफल गर्दा देहायका निर्णयहरु गरियो:**

क) आ.व. २०८२।०८३ साल भरी यस गाउँपालिकाबाट भएका सम्पूर्ण खर्च तथा स्रोत र शीर्षकमा रकम फरक व्यवस्थापन गरी खर्च गरेकोलाई समेत समर्थन गर्ने निर्णय सर्वसहमतले गरियो।

ख) यस गाउँपालिकामा कार्यरत (स्थायी र करार) कर्मचारीले आचारसंहिता विपरित राजनीतिक क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रही कार्य गरेको प्रमाणित भएमा सो सम्बन्धी पुष्टि गरी/गराइ नियमानुसारको कारवाही प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

ग) आ.व. २०८२।०८३ मा कुल खर्च रकम ८१.०९% (४३ करोड ७ लाख ६८ हजार ८८ रुपैया ३५ पैसा) भएको र सो खर्च प्रक्रियामा संलग्न एवम् योजना कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, गैर सरकारी संस्था, अन्य सरकारी संस्था उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत सम्पूर्ण सम्बन्धित सरोकारवाला व्यक्तिहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय सर्वसहमतबाट गरियो।

घ) यस गाउँपालिकामा रहेको एक्साभेटर सञ्चालनको लागि नियुक्त एक्साभेटर चालक र सहचालकलाई दिँदै आएको अतिरिक्त भत्तामा पुनरावलोकन गर्दै एक्साभेटर चालकको लागि मासिक रु. १५ हजार र एक्साभेटर सहचालकको लागि मासिक रु. १० हजारको दरले नियमित रुपमा चालकहरुको खातामा मिति २०८३ साल श्रावण १ गते देखि लागु हुने गरी भुक्तानी गर्ने निर्णय सर्वसहमतले गरियो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष